कोशी प्रदेश सरकार
# आन्तरिक मामिला तथा कानून मन्त्रालय
विराटनगर, नेपाल

प.सं. :- ०८२/८३
च.नं. :- ९६५

मिति :- वि.सं. २०८२/१२/०३
ने.स. :- ११४६ चिल्लागा, १३ मंगलवार

विषयः प्रसारण/प्रकाशनको लागि सन्देशमूलक सूचना पठाईएको सम्बन्धमा।

कायदिश प्राप्त सञ्चार माध्यमहरु
(सबै)।

प्रस्तुत विषयमा कोशी प्रदेश सन्देशमूलक सूचना वितरण मार्गदर्शन, २०८२ बमोजिम छनोट भई सन्देशमूलक सूचना प्रसारण/प्रकाशन गर्न कायदिश प्राप्त सञ्चार माध्यमहरुले कार्यदिशमा उल्लेखित सूचना संख्या, रकम, शर्त तथा मार्गदर्शनको अधिनमा रही यसैसाथ संलग्न सूचनाहरु उत्पादन, प्रसारण/प्रकाशन तथा वितरण गर्न हुन अनुरोध छ।

**नोटः**

१. साना तथा ठुला सबै साइजका सूचनाहरु मिलाएर (विषयबस्तुको सन्दर्भ नबिग्रिने गरी) उत्पादन, प्रसारण/प्रकाशन तथा वितरण गर्नुहुन।
२. थप सन्देशमूलक सूचनाहरु मन्त्रालयको website (https://moial.koshi.gov.np) मा समेत राखिनेछ।

..................................
(उर्मिला देबी निरौला)
उपसचिव

फोन नं. : ०२१-४७०१६८
इमेल : info.moial@koshi.gov.np
वेबसाइट : moial.koshi.gov.np

# कोशी प्रदेश सरकार
## आन्तरिक मामिला तथा कानून मन्त्रालय
## विराटनगर

| "समयमै सवारी कर तिरौं। जिम्मेवार नागरिक बनौं।" | |
|---|---|
| **सवारी कर तिर्दा हुने फाइदाहरु** | **सवारी कर नतिर्दाको बेफाइदाहरु** |
| कानूनी वैधता, जरिवानाबाट मुक्ति | जरिवाना र कर थपिँदै जाने |
| वार्षिक रुपमा कर तिर्दा व्याज र जरिवानाको अतिरिक्त रकम बचत हुने | धेरै वर्षपछि एकैपटक कर तिर्दा ठूलो रकम तिर्नु पर्ने र व्याज, जरिवाना पनि लाग्ने |
| बीमा नवीकरण र बीमा दाबी हने, दुर्घटना भएमा आर्थिक भार कम हुने | दुर्घटना हुँदा बीमा दाबी नहुने, क्षतिपूर्ति र उपचार खर्च सवारी धनीले व्यहोर्नु पर्ने |
| ब्लु-बुक नवीकरण, जाँचपास, नामसारी, खारेजी जस्ता सेवा लिन सहजता | ब्लु-बुक नवीकरणमा समस्या, ५ वर्षसम्म नवीकरण नभएमा फेरी दर्ता गराउन झन्झट |
| कर तिर्नु नागरिकको कर्तव्य, विकासमा योगदान, जिम्मेवार नागरिकको पहिचान | कर नतिर्दा सरकारी सेवा लिन समस्या, य दुर्घटना परेमा कानूनी जटिलता हुने |
| सुरक्षित यात्रा, ढुक्क भएर यात्रा गर्न सकिने | जोखिम बढ्ने, ट्राफिक चेक पोष्टमा झन्झट हुने |

**आजै आफ्नो ब्लु-बुक चेक गर्नुहोस् र म्याद नाघेको भए नजिकको यातायात कार्यालयमा गई सवारी कर भुक्तानी, ब्लु-बुक नवीकरण र बीमा नवीकरण गर्नु होस् ।**

**धन्यवाद ।**

# कोशी प्रदेश सरकार
# आन्तरिक मामिला तथा कानून मन्त्रालय
# विराटनगर

## कर प्रिन्ट रुजु, करको रकम र सवारी साधनको नम्बर एकिन गर्ने सम्बन्धी सूचना

आदरणीय सेवाग्राही महानुभवहरू, तपाईले आफ्नो सवारी साधनको वार्षिक रूपमा बुझाउनु पर्ने सवारी कर, नविकरण दस्तुर लगायत अन्य कर सम्बन्धी विवरण हेर्नका लागि सम्बन्धित यातायात कार्यालयमा गएर कर प्रिन्ट माग्न, बैंक भौचर भर्न अघि सवारी कर तथा दस्तुर एकिन गर्न तथा कर बुझाए पछि प्राप्त हुने विलमा आफुले बुझाएको करको रकम र आफ्नो सवारी नम्बर एकिन गर्नुहुन अनुरोध छ ।

## सवारी साधनको इन्जिन र चेसिस रूजु गर्ने सम्बन्धी सूचना

आदरणीय सेवाग्राही महानुभवहरू, तपाईले आफ्नो सवारी साधन नयाँ खरिद गर्दा, नामसारी गर्दा सवारी साधनको इन्जिन र चेसिसको अवस्था रुजु (re punch) वा अन्य कुनै कैफियत भए नभएको रुजु गरेर मात्र खरिद बिक्रि गर्नका लागि हार्दिक अपिल गर्दछौ।

कोशी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
विराटनगर

## नागरिक सहायता कक्ष सञ्चालन सम्बन्धी जानकारी

आदरणीय सेवाग्राही महानुभावहरू, यातायात व्यवस्था कार्यालयबाट प्रवाह हुने सेवा प्राप्तिको सहजीकरणको लागि नागरिक सहायता कक्ष सञ्चालन गरिएको छ। उक्त कक्षबाट निःशुल्क सेवाहरु प्राप्त गर्न सक्नु हुनेछ। सेवा प्राप्तिका लागि नागरिक सहायता कक्षमा सम्पर्क राख्नुहुन अनुरोध छ। सेवा प्राप्तिमा कसैको प्रलोभनमा नपरी आफ्नो सेवा लिन हार्दिक अपिल गर्दछौं। सेवा प्राप्तिमा कुनै गुनासो आएमा गुनासो सुन्ने अधिकारी र कार्यालय प्रमुखसँग सोझै सम्पर्क राख्न सक्नुहुनेछ ।

# कोशी प्रदेश सरकार
# आन्तरिक मामिला तथा कानून मन्त्रालय
# विराटनगर

## सवारी दर्ता प्रमाण पत्र (ब्लु बुक) हराएमा त्यसको प्रतिलिपि निकाल्न आवश्यक कागजात तथा प्रक्रिया सम्बन्धी सूचना

यदि सवारी दर्ता प्रमाणपत्र (ब्लुबुक)को फोटोकपीमा सवारीको विस्तृत विवरण र सवारीधनीको नाम स्पष्ट विवरण खुलेमा;

- सेवाग्राहीले नागरिकताको फोटोकपी, दुई प्रति हालसालै खिचिएको फोटो, सवारी दर्ता प्रमाण पत्रको फोटोकपी, सवारी साधनको इन्जिन नम्बर र चेसिस नम्बर देखिने गरीको फोटो, सवारी साधनको पूर्ण भाग देखिने गरीको फोटो ।
- ट्राफिक प्रहरीको सिफारिस, स्थानीय तहको सिफारिस, अघिल्लो वर्ष वीमा गरेको भएमा सोको फोटोकपी ।
- ऋणिको हकमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको सिफारिस पत्र ।
- सवारी साधनको आधिकारिक विक्रेताले जारी गरेको भ्याट वीलको फोटोकपी र भन्सार प्रज्ञान पत्रको विवरण वा सवारी साधनको अभिलेखीकरणको लागि स्वः घोषण गरिएको पत्र ।
- सवारी दर्ता प्रमाण पत्रको प्रतिलिपिको लागि दरखास्त सहित कार्यालय प्रमुख समक्ष निवेदन।

यदि सवारी दर्ता प्रमाण पत्र (ब्लुबुक) को फोटोकपी समेत नभएको वा फोटोकपीमा सबै विवरण नभएको वा नबुझिने अवस्थाको भएमाः

- सेवाग्राहीले नागरिकताको फोटोकपी, दुईप्रति हालसालै खिचिएको फोटो, सवारी साधनको इन्जिन नम्बर र चेसिस नम्बर देखिने गरिको फोटो, सवारी साधनको पूर्ण भाग देखिने गरिको फोटो।
- ट्राफिक प्रहरीको सिफारिस, स्थानीय तहको सर्जमिन मुचुल्का सहितको सिफारिस, अघिल्लो वर्ष वीमा गरेको भएमा सोको फोटोकपी वा सवारी साधनको आधिकारिक विक्रेताले जारी गरेको भ्याट वीलको फोटोकपी र भन्सार प्रज्ञान पत्रको विवरण ।
- सवारी साधनको अभिलेखीकरणको लागि स्वः घोषण गरिएको पत्र।
- सवारी दर्ता प्रमाण पत्रको प्रतिलिपिको लागि दरखास्त सहित कार्यालय प्रमुख समक्ष अनिवार्य निवेदन ।

# कोशी प्रदेश सरकार
# आन्तरिक मामिला तथा कानून मन्त्रालय
# विराटनगर

## स्थानीय तहमा दर्ता भएका इ-रिक्साको दर्ता, प्रतिलिपि तथा नवीकरण गर्ने सम्बन्धी सूचना

- यातायात व्यवस्था कार्यालयमा दर्ता भई स्थानीय तहमा हस्तान्तरण भएका इ-रिक्सा पुनः यातायात व्यवस्था कार्यालयमा दर्ता गर्दा यदि कार्यालयले जारी गरेको सक्कल (ब्लुबुक) भएमा सोको आधारमा स्थानीय तहवाट सरूवा फिर्ता गरेको निस्सा समेत राखी सोही दर्ता नम्बर कायम हुने गरी अभिलेख खडा गरिनेछ ।
- यदि यातायात व्यवस्था कार्यालयहरूले जारी गरेको सक्कल (ब्लुबुक) नभएको तर स्थानीय तहले जारी गरेको सवारी दर्ता प्रमाण पत्र (ब्लुबुक) मा यातायात व्यवस्था कार्यालयले जारी गरेको सवारी दर्ता नम्बर समेत उल्लेख भएको खण्डमा स्थानीय तहले जारी गरेको सक्कल सवारी दर्ता प्रमाण पत्र राखि साविकको नम्बर कायम गरी ब्लुबुकको प्रतिलिपि दिने ।
- त्यसै गरी यदि यातायात कार्यालयले दिएको जाँचपाँस प्रमाण पत्रको सक्कल पेश गरेमा पनि सोही सक्कल पत्रको आधारमा यातयात कार्यालयले जारी गरेको दर्ता नम्बर कायम गरी सवारी दर्ता प्रमाण पत्रको प्रतिलिपि जारी गर्ने ।
- सोझै स्थानीय तहमा दर्ता भएका वा यातायात व्यवस्था कार्यालयमा दर्ता भई स्थानीय तहमा हस्तान्तरण भएका इ-रिक्साहरूको सवारी दर्ता अभिलेख किताब स्थानीय तहमा जेनजिको आन्दोलनको क्रममा जली नष्ट भएको अवस्थामा स्थानीय तहमा दर्ता भएका एवं कर चुक्ता गरेको प्रमाणको आधारमा सक्कल सवारी दर्ता प्रमाण पत्र (ब्लुबुक) समेत राखि सरुवा दर्ता सरह दर्ता गर्ने ।
- सेवाग्राहीले नागरिकताको फोटोकपी, दुई प्रति हालसालै खिचिएको फोटो, सवारी दर्ता प्रमाण पत्रको फोटोकपी, सवारी साधनको इन्जिन नम्बर र चेसिस नम्बर देखिने गरीको फोटो, सवारी साधनको पूर्ण भाग देखिने गरीको फोटो संलग्न राखु पर्नेछ ।
- यदि स्थानीय तहमा सवारी कर तथा नवीकरण समेत गरेको भएमा उक्त शीर्षकमा थप कर लाग्ने छैन ।

# कोशी प्रदेश सरकार
## आन्तरिक मामिला तथा कानून मन्त्रालय
## विराटनगर

**मौसमसम्बन्धी सही सूचना प्राप्त गरौं, सुरक्षित भविष्य निर्माण गरौं।**

- मौसम तथा जलवायु सम्बन्धी सूचना लिने र दिने गरौं,
- मौसम पूर्वानुमानको जानकारी नियमितरूपमा लिऔं,
- प्राकृतिक विपद् जोखिम न्यूनीकरणमा सचेत बनौं,
- जलवायु परिवर्तनका असर घटाउन सामूहिक प्रयास गरौं,
- वन संरक्षण र वृक्षारोपणमा सक्रिय सहभागिता जनाऔं,
- ऊर्जा बचत र स्वच्छ ऊर्जाको प्रयोग बढाऔं,
- वातावरण प्रदूषण नियन्त्रणमा जिम्मेवार बनौं ।
- वातावरण संरक्षण गरौं, जीवन रक्षा गरौं।

## कोशी प्रदेश सरकार
## आन्तरिक मामिला तथा कानून मन्त्रालय
## विराटनगर

# बालबालिकालाई लागूऔषध दुरुपयोगबाट बचाऔं ।

- लागूऔषध सामाजिक अपराध हो कोही कसैले प्रयोग नगरौं,
- बालबालिकालाई लागूऔषधको प्रयोगबाट टाढा राखौं,
- बालबालिकाको संगतमा ध्यान दियौं,
- लागूऔषधबाट हुने हानि र कानूनी परिणामको बारेमा जानकारी दिऔं,
- बालबालिकासँग नियमित संवाद गर्ने गरौं,
- बालबालिकालाई घरमा माया र समय दिने गरौं,
- विद्यालयमै जीवन उपयोगी शिक्षा दिने गरौं,
- बालबालिकाको सकारात्मक गतिविधिलाई प्रोतसाहन गरौं,

# कोशी प्रदेश सरकार
## आन्तरिक मामिला तथा कानून मन्त्रालय
## विराटनगर

## यौन हिंसाबाट बचौं र बचाऔं:

- यौनजन्य हिंसा सामाजिक अपराध हो,
- बालबालिका यौनजन्य हिंसाको जोखिममा हुन सक्छन्,
- हिंसा छिमेकी, आफन्त, साथीभाई, परिचित, नातेदार वा जोसुकैबाट हुनसक्छ,
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं,
- बालबालिकाको चालचलन, बानी व्यहोरामा अस्वभाविक परिवर्तन आएको हुन सक्छ, त्यस्तो पाइए उनीहरुसँग तत्काल कुरा गरौं,
- बालबालिकासँग नियमित सम्वाद गर्ने गरौं।

# कोशी प्रदेश सरकार
## आन्तरिक मामिला तथा कानून मन्त्रालय
## विराटनगर

## सवारी चालक अनुमति पत्र सम्बन्धी सचेतना मुलक सन्देशहरुः

- तपाई सवारी चालक अनुमति पत्र लिन चाहनुहुन्छ भने Online Form को लिङ्क https://applydinew.dotm.gov.np/login मा गएर आफ्नो विवरण भरी तयार भएको आवेदन Form Download गरी तोकिएको दिन सक्कल कागजात सहित कार्यालयमा जानुहोस् ।
- सवारी चलाउँदा सवारी चालक अनुमति पत्र जहिले पनि आफ्नो साथमा राखुहोस् ।
- सवारी चालक अनुमति पत्रको E-Copy को लागि अनिवार्य नागरिक एप प्रयोग गर्ने बानी बसालौं । नागरिक एपमा भएको सवारी चालक अनुमति पत्रलाई ट्राफिक प्रहरीबाट पनि मान्यता प्राप्त भएको छ ।
- सवारी चालक अनुमति पत्र ५ वर्षका लागि बहाल रहन्छ । म्याद सकिएको ९० दिन भित्र नजिकैको यातायात व्यवस्था कार्यालयमा गएर नवीकरण गर्नुहोस् ।
- म्याद नाघिसकेपछि ढिला गरेमा थप जरिवाना (१ वर्षमा १००%, र ५ वर्षसम्म ५००% सम्म) लाग्न सक्छ। ५ वर्ष नाघेपछि सवारी चालक अनुमति पत्र स्वतः रद्द हुन्छ ।
- चालकले सवारी तथा यातायात व्यवस्था ऐन अनुसारका सर्तहरू पालना नगरेमा सवारी चालक अनुमति पत्र निलम्बन (६ महिनासम्म) हुन सक्छ।
- सवारी चालक अनुमति पत्र हराएमा वा नष्ट भएमा ट्राफिक प्रहरी कार्यालयको सिफारिस समेतका आधारमा प्रतिलिपि लिन सकिन्छ । सवारीको प्रकार थप्नु परेमा वर्ग थप (Add Category) को लागि Online Form भरेर तोकिएको दिन कार्यालयमा जानुहोस् ।
- नवीकरण गर्दा सक्कल नागरिकता, पुरानो सवारी चालक अनुमति पत्र / रसिद आवश्यक पर्दछ ।
- सवारी चालक अनुमति पत्र हुनु भनेको जिम्मेवार हुनु हो। ट्राफिक नियम, सडक चिह्न र गति सीमाको अनिवार्य पालना गरी सुरक्षित यात्रा गर्नुहोस् ।
- इ-रिक्सा सम्बन्धी तपाई इ-रिक्साको लिखित परीक्षा दिन चाहनुहुन्न भने Online Form भर्दा Erickshaw_Koshi मा छनोट गरी Trail परीक्षा मात्र दिएर सवारी चालक अनुमति पत्र लिन सक्नुहुन्छ।
- सवारी चालक अनुमति पत्रको मिति २०८२/०४/१४ भन्दा अगाडि ५ वर्ष र मिति २०८२/०४/१४ भन्दा पछाडि नयाँ सवारी चालक अनुमति पत्र लिँदा र सवारी चालक अनुमति पत्रको नविकरण गर्दा १० वर्ष अवधि कायम भएको छ ।
- सवारी चालक अनुमति पत्र सम्बन्धी सेवा लिन तपाईलाई कसैको सहयोग आवश्यक पर्दैन । स्वयं व्यक्ति उपस्थित भइ सेवा प्राप्त गर्न सक्नुहुन्छ । लाइसेन्स सम्बन्धी सेवा लिँदा सरकारले तोकेको शुल्क भन्दा वढी रकम कसैलाई पनि नदिनुहोला । आफुले तिरेको रकमको विल अनिवार्य लिनुहोला ।

कोशी प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

विराटनगर

# सडक प्रयोग गर्दा ध्यान दिऔं।

- सडक सीमा अतिक्रमण नगरौं।
- सडक सीमामा अस्थायी एवं स्थायी संरचना निर्माण नगरौं।
- सडकको नाली, ढल तथा पानी निकास बन्द हुन नदिऔं।
- सवारी चलाउँदा लेन अनुशासन पालना गरौं र गराऔं।
- सवारी चलाउँदा ट्राफिक नियमको पालना गरौं।
- सवारी साधनमा झुण्डिएर वा छतमा बसेर यात्रा नगरौं।
- सडकको क्षमताभन्दा बढी भार प्रयोग नगरौं।
- जेब्रा क्रसिङबाट मात्रै बाटो काट्ने गरौं।
- सडकको तत्काल मर्मतसम्भार गर्ने गरौं।

यात्राको क्रममा कुनै समस्या भए नजिकको प्रहरीलाई खवर गरौं।

## कोशी प्रदेश सरकार
## आन्तरिक मामिला तथा कानून मन्त्रालय
## विराटनगर

# उपभोक्ता अधिकारको संरक्षण गरौं।

- ✓ गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको अधिकारको रक्षा गरौं।
- ✓ कारोबारमा बिल/बीजक लिने र दिने गरौं, कारोबारलाई पारदर्शी बनाऔं।
- ✓ नाफाको उद्देश्यले झुट्टा, भ्रमपूर्ण विज्ञापन तथा सूचना नदिऔं।
- ✓ वस्तु/सेवाको मूल्य, मात्रा, म्याद सकिने मिति, गुणस्तर एकिन गरेरमात्र खरिद बिक्री गरौं।
- ✓ वस्तु वा सेवाको प्रयोगबाट कुनै हानि, नोक्सानी भए स्थानीय प्रशासनमा उजुरी गरौं।
- ✓ वस्तु तथा सेवाको प्रयोगबाट क्षति पुगे क्षतिपूर्ति मागौं।
- ✓ निष्पक्ष तथा तथ्यपरक सूचना पाउने उपभोक्ता अधिकारको रक्षा गरौं।
- ✓ भ्रमपूर्ण विज्ञापन तथा सूचनाको कारण उपभोक्ता ठगिएमा स्थानीय प्रशासनमा उजुरी गरौं।